जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

म.जि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ३८ अंक ३० २०७६ साल फागुन ११ गते आइतवार (23 Feb. 2020 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी वापत निजको बाबु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणबाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्बन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – पृष्ठ २ मा : माइक्रोबायोलोजिका विद्यार्थीहरुद्वारा ... पृष्ठ ३ मा : मधेशको अधिकार र ... पृष्ठ ४ मा : महाशिवरात्रीमा विभिन्न ... पृष्ठ ५ मा : विभिन्न माँग राख्दै ...

# चोरी गर्दै गर्दा दुई चोर स्थानियद्वारा पक्राउ





**राजविराज**/बिगत केही दिनदेखी नगरको विभिन्न स्थानमा चोरीका घटना बढेको छ । यता चोरीका घटना हुन थालेपछि स्थानियहरु आफै सतर्क भएका छन् ।

यसैबीच राजविराज वडा नं. १ र ८ मा स्थानियहरुले चोरहरुलाई पक्राउ गरेका छन् ।

बिहीबार राती राजविराज वडा नं. १ शिवथानमा चोरी गर्न आएका एक चोरलाई स्थानियहरुले पक्राउ गरि प्रहरीको जिम्मा लगाएका छन् ।

विगत एक महिनादेखी सो स्थानमा चोरीका घटनाहरु बढ्दै जाँदै स्थानियहरुले रातीको समयमा आफै सक्रिय भएपछि सो चोर पक्राउ गर्न सफल भएको स्थानीय रामअवतार यादवले बताए ।

यस्तै मंगलबार विद्युतीय उपकरण चोरी गर्ने एक जना चोरलाई स्थानियहरुले पक्राउ गरेको छ ।

राजविराज नगरपालिका वडा नं. ८ स्थित ओम शन्ति अगाडी दुई जनाको घरमा बिद्युत मिटरको एमसीबि बन्द गरि घरमा छिरेर बिद्युत उपकरण चोरी गर्ने राजविराज नगरपालिका ११ झल्हीका शिबु कुमार मण्डललाई स्थानियले पक्राउ गरि प्रहरीमा बुझाएका छन ।

स्थानिय ललिता देवी यादवको घरबाट १ थान मोटर, २/२ बन्डल वाइरिङ र केवलको तार, सोही ठाउँका बुधसेन यादवको ३ वटा मोटर, बिद्युतको एमसीबि र तारहरु चोरी गरेर लगिरहेको अवस्थामा स्थानियबासीले पक्राउ गरेको हो ।

यता पक्राउ परेका चोरहरुलाई अनुसन्धानको लागि प्रहरीले जिल्ला प्रहरी कार्यालय लगेको जनाइएको छ ।

# मुस्लिमहरुको महासभा शान्तिपूर्ण रुपमा सम्पन्न

**राजविराज**/सप्तरीको बोदेबर्साइन वडा नं. ५ जाजरमा आयोजित मुस्लिम समुदायको महासभा इज्तिमा सोमबार शान्तिपूर्ण रुपले सम्पन्न भएको छ ।

नेपाल तथा भारतका गरी करिब २ लाख ५० हजार भन्दा बढी सहभागी मुस्लिम समुदायद्वारा संयुक्त रुपमा पवित्र नामाज र प्रार्थना प्रश्चात् तिन दिने सम्मेलन सम्पन्न भएको हो ।

शनिबारदेखी तीन दिनसम्म संचालन भएको महासभामा मुख्य प्रवर्चनकर्ता भारत दिल्लीस्थित मर्कट जामे मस्जिदका मौलाना मो. हजरत सादले उक्त तिन दिने सम्मेलनमा आपसी सद्भाव र मानव कल्याण कार्यमा जोड दिएका थिए ।

यता तीन दिनसम्म संचालित महासभा सम्पन्न भएपछि अहिले कार्यक्रम स्थल भने दुर्गन्धित भएको छ । लाखौं व्यक्ति बस्दा दिशापिसाव, खानपिन आदिका कारण उक्त क्षेत्र दुर्गन्धित बन्न पुगेको स्थानियहरुले बताएका छन् ।

यसअघि मुस्लिम 'इज्तिमा'मा सहभागी हुन आएका मध्येबाट तीन सहभागीको ह्दयघातबाट मृत्यु भएको थियो ।

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

थप जानकारीका लागि

गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज

फोन नं. : 031-522408/09

# मातृभाषा मैथिली कहिल्यै समाप्त हुदैन : प्रदेशसभा सदस्य सुमन





**राजविराज**/अन्तर्राष्ट्रिय मातृभाषा दिवसको अवसरमा शुक्रबार मैथिली साहित्य परिषद राजविराजले "मातृभाषा र वर्तमान सन्दर्भ" बिषयक अन्तरक्रिया गोष्ठी सम्पन्न गरेको छ ।

कार्यक्रममा प्रमुख अतिथि तथा राजपा महासचिव र प्रदेश सभा सदस्य सुमनले मातृभाषा मैथिली कहिल्यै समाप्त नहुने बताएका छन् ।

उनले मैथिली लोकगीतहरु हरैक मैथिलीभाषीको जिब्रो र मन मस्तिष्कमा बाँची रहेको भन्दै परिषदले भाषा र संस्कृतिको संरक्षणमा अतुल्य भूमिका खेलेको र भबिष्यमा पनि परिषदबाट यस्तै अभियानको अपेक्षा राखेको बताए ।

कुनै भाषामा शिक्षा जबसम्म रोजगारको माध्यम बन्दैन तबसम्म तब सम्म सो भाषाको विकास सम्भव हुन नसक्ने भन्दै मैथिलीको विकास गराउन पनि संघीय र

***बाँकी अन्तिम पृष्ठमा***




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit · WESTERN UNION MONEY TRANSFER · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money · Best Remit · City Express Money Transfer · IME pay · MoneyGram money transfer

## सम्पादकीय ....

### कोरोना भाईरस बारे जनचेतना दिन सरोकारवाला मौन

अहिले संसार भरिका मानिसहरु कोरोना भाइरसको प्रकोपले त्रसित छन् । यो भाइरस चिनको हुवाईबाट फैलिएको हो । चिनमा यो भाइरसबाट हजारौं मानिसले ज्यान गुमाएका छन् । लाखौं व्यक्ति संसारभरि प्रभावित भएका छन् । यता नेपालको कुरा गर्ने हो भने यो भाइरस नसरोस भनी सतर्कता अपनाइएको छ । यो रोग लागेमा मानिसको बच्ने थोरै मात्र आश हुन्छ । यसबाट बच्न र बचाउन मात्र सकिने प्रयास गर्नुपर्दछ ।

नेपालमा कोरोना भाइरसको संक्रमण कसैमा नदेखीए पनि सतर्कता भने अपनाइएको छ । एक मात्र त्रिभुवन अन्तराष्टिय विमानस्थलबाट आउने प्रत्येक व्यक्तिलाई चेकजाच गरिन्छ । यसरी विमानस्थलका यात्रुहरुको कडा निगरानीमा चेकजाँच गर्नु राम्रो पक्ष हो । तर सोही विमानस्थलसँगै टासिएको राष्टिय विमानस्थलहुँदै मुलुकको विभिन्न स्थानमा जाने यात्रुहरु निगरानी र स्वास्थ्य परिक्षण पनि आवश्यक छ । त्यस्तै मलुकको अन्य विमानस्थलमा सवास्थ्य परिक्षण गरेर मात्र यात्रुहरुलाई पठाउनु पर्ने छ । सो भाइरस भित्रिने माध्यम यातायातका साधनहरु समेत हुन् । राजधानी काठमाडौं हुँदै मुलुकको विभिन्न स्थानमा आवतजावत गर्ने रात्री, दिवा तथा माइक्रो, मोटरसाइकल, प्राइभेट गाडी लगायतमा समेत विशेष ध्यान पुग्नु पर्छ ।

हुन त सप्तरी जिल्लाको कुरा गर्ने हो भने हालसम्म सरकारी निकायबाट यस भाइरस सम्बन्धमा कुनै चेतनामूलक जानकारी दिइएको छैन् । प्रत्येक दिन हवाई यात्रा, खुल्ला भारतीय सीमा तथा यातायातका साधनहरु काठमाडौं आवतजावत गर्ने कुरालाई मध्यनजर रि सप्तरीका स्वास्थ्यसँग सरोकार राख्ने निकायले कोरोना भँइरस सम्बनिधी जानकारी दिनु पर्ने आवश्यकता रहेको छ । त्यती पनि गर्न सकिएन भने यस जिल्लामा कोरोना भाइरसको प्रकोप, रोकथाम वा अन्य सतर्कता बारे जानकारी दिन अग्रसरता देखाउनु पर्दछ ।

# माइक्रोबायोलोजिका विद्यार्थीहरुद्वारा कोरोना भाईरस बारे जनचेतना

**राजविराज**/महेन्द्र
विन्देश्वरी बहुमुखी क्याम्पस राजविराजस्थित माइक्रोबायोलोजिका विद्यार्थीहरुले कोरोना भाईरस बारे जनचेतना दिने उद्देश्यले कार्यक्रमको आयोजना गरेका छन् ।

माईक्रोबायोलोजि चौथो वर्षमा अध्यनरत १० जना विद्यार्थीहरुले सरोकारवालाहरुलाई राखेर कोरोना भाईरसको संक्रमण तथा यसबाट सुरक्षित रहने उपायबारे सचेतना दिएका छन् ।

कोरोना भाईरसको विभिन्न आकृति समेत राखेर भयावह बन्दै गएको कोरोना भाईरस रोगबारे सर्वसाधारण सचेत रहन आग्रह गरे ।

विद्यार्थीहरुले कोरोना भाईरसको विभिन्न आकृति निर्माण तथा श्रव्यदृश्य लगायतका माध्यमले सचेतना फैलाउने कार्यको शुभारम्भ गरेका हुन ।

माईक्रोबायोलोजि विभागका प्रमुख भगतले यस्ता कार्यकमले कोरोना भाइरसको त्रास धेरै हदसम्म न्युनिकरण हुने विश्वास समेत व्यक्त गर्दै क्याम्पसको इतिहासमै यस्ता कार्यक्रम पहिलो पटक भएकोमा खुशी समेत व्यक्त गरे ।

माईकोबायोलोजि चौथो वर्षमा अध्यनरत अंजली ठाकुर, आफरिन कौशर, टिना आनन्द, किरण गुप्ता,




पुजा दास, पुजा साह, हिरा कुमारी साह, प्रियंका देव, आर्दश राज, शिवचन्द्र यादव र सुस्मिता सोनी गरी १० जना विद्यार्थीहरुले सचेतनामूलक कार्यकम तयार पारेको क्याम्पसको माईक्रोबायोलोजि विभागका प्रमुख सियाराम भगतले जानकारी दिएका छन् ।

कार्यकममा श्रव्यदृश्य प्रचार सामग्री मार्फत माईक्रोबायोलोजि छात्रा अंजली ठाकुरसहित १० जना विद्यार्थीहरुले कक्षा समेत संचालन गरी सहभागीहरुलाई कोरोना भाईरस रोग र यसबाट बच्ने उपायबारे प्रशिक्षण दिएका थिए ।

क्याम्पस प्रमुख डा. सर्वेशचन्द्र मिश्रको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको प्रमुख अतिथि राजविराज नगरपालिकाकी उपप्रमुख साधना झाले उदघाटन गरेकी थिइन् ।

# खोला किनारमा शव फेला

**राजविराज**/सप्तरीको रुपनी गाउँपालिका ६ स्थित जुवेला खोलाहुँदै शनि मन्दिर जाने बोटो नजिकै मंगलबार बिहान एक महिलाको शव सडेगलेको अवस्थामा फेला परेको छ ।

स्थानियहरुले त्यस क्षेत्रमा दुर्गन्ध फैलिएको थाहा पाएपछि खोला किनारमा सो शव फेला परेको थियो । शव फेलापरेपछि उनीहरुले प्रहरीलाई खबर गरेका थिए ।

प्रहरीले खबर पाएपछि प्रहरीको टोली पुगेर महिला बारे अनुसन्धान सुरु गरेपनि सडेगलेको अवस्थामा फेला परेको ती महिलाको शवको सनाखत भने हुन नसकेको डिएसपी तिलक भारतीले बताएका छन् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# मधेशको अधिकार र पहिचानको सवाल



बेचन कुमार महतो

**पृष्ठभुमी**

२०६३ सालमा अन्तरिम संविधानमा संघीयता शब्द उल्लेख नभएको भनेर मधेश केन्द्रित दलले अन्तरिम संविधानको प्रति जलाएर आन्दोलन सुरूवात गरेका थिए। पारम्परिक राजतन्त्रात्मक संकीर्ण राष्ट्रवादी शासन व्यवस्थाबाट मुक्ति र स्वशासनको स्वप्न अन्तरिम संविधानमा पनि अधुरो देखेपछि आम मधेश नै आन्दोलनमय भएको थियो। एक मधेश स्वायत प्रदेश, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र, पहिचान र सामर्थ्यको आधारमा प्रदेशको घोषणा, सहिद परिवारलाई ५० लाख दिने घोषणा, प्रत्येक सहिद परिवारलाई रोजगारी दिने घोषणा, जनसंख्याको आधारमा आरक्षणको व्यवस्था, सेना र प्रहरीमा सामूहिक प्रवेश, पहिचानसहित शासनमा समानुपातिक सहभागिता, स्वशासन र आत्मनिर्णयको अधिकार जस्तो जनपक्षीय एजेन्डाको आकर्षणका कारण यसमा तराई मधेशका जनता व्यापक रूपमा सहभागी भए। हाल सम्म ११७ जनाको सहादत कै कारण यस आन्दोलनले तत्कालीन शीर्ष राजनीतिक दललाई संविधानमा नेपाललाई संघीय राज्य घोषणा गर्न बाध्य गरायो। यसबीच मधेश मात्र होइन, देशैभरि व्यापक विरोध, सरकारी दमनमा दर्जनौँको हताहती र सहादतबीच २०७२ मा दोस्रो संविधानसभाको माध्यमबाट नेपालको संविधान घोषणा गरियो। यसै संविधानबाट घोषित संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा सात प्रदेश र सात सय ५३ स्थानीय सरकार गठित छन्। माओवादी जनयुद्ध र मधेश आन्दोलनलगायत वर्गीय अधिकार र पहिचानका कतिपय मूल मुद्दा अहिले पनि उपेक्षित नै छन्। मधेशवादी दलले २०७२ मा जारी संविधानलाई समर्थन गरेनन् र संघीय अधिकार पूरा भएनन् भने वर्तमान राज्यको कुनै पनि गतिविधिमा सहभागी नहुने घोषणा गरेका थिए। तर, उनीहरूको दृढता धेरै दिन टिक्न सकेन। उनीहरूले अनेक निहुँमा केन्द्रीय, प्रादेशिक र स्थानीय निर्वाचनमा भाग लिए। कुनै वेला शीर्ष दललाई मधेश विरोधीका रूपमा चित्रित गरिरहेका यी दलले निर्वाचनमा भाग मात्र लिएनन्, काँग्रेसका शेरबहादुर देउवा होउन् वा माओवादीका प्रचण्ड वा तत्कालीन एमाले वा अहिलेको नेकपाका अध्यक्ष केपी ओली नेतृत्वका सबै सरकारमा समेत सामेल हुँदै आएका छन्। निहुँ भने अहिले पनि उही मधेश आन्दोलनकाल देखिकै संविधान संशोधनको ललिपप नै हो। जनतालाई एजेन्डामा भुलाउँदै यसैलाई भर्याङ बनाएर सत्ताभोग गरि राख्नु मधेश राजनीतिको गुरूमन्त्र बनेको छ। मधेशवादी दलको यही गुरूमन्त्रको आधारमा घट्दो धरातलीय गुरूत्वाकर्षणलाई निम्नानुसार चित्रण गर्न सकिन्छ :

**१. आन्दोलनका एजेण्डाहरू उपर मौनताः**

कुनै बेला संघीय राजनीतिमा तेस्रो बिन्दुका रूपमा मानिने मधेश एजेन्डा मधेशकेन्द्रित नेताहरूको व्यक्तित्वको टक्करका कारण अलपत्र छ। एक मधेश एक प्रदेशको उत्तेजनात्मक माग राजनीतिक धरातलसँग ठोक्किएर अहिले प्रदेश नम्बर २ मा खुम्चिएको छ। संसदीय राजनीतिमा व्यवस्थापिका संसद्‌बाट मधेशमा न्यायोचित बजेट विनियोजन र विकास, समानुपातिक समावेशी संविधान र सेनामा समानुपातिक सहभागिता तथा नागरिकता समस्याका निम्ति संविधान संशोधनको मुद्दा अलपत्र छ। एउटा संघीय प्रदेशमा सपा-राजपाको एक-अर्काको खुट्टा तानिरहने गठबन्धनको प्रादेशिक सरकार र एक्लिँदै गएको अलपत्र एजेन्डा। अहिले आफूलाई मधेशवादी भन्न रूचाउने मधेशकेन्द्रित राजनीतिक दल थप संघर्षको माग गर्ने संघीयता र पहिचानको एजेन्डाबाट क्रमशः अलग्गिँदै गएको र आफूलाई क्षेत्रीय पहिचानभन्दा पनि देशव्यापी संसदीय पार्टीमा विकास गर्न खोजेको देखिन्छ। यस्तो स्थितिमा मधेश आन्दोलनका एजेन्डा अलपत्रमा पर्नु स्वाभाविक नै हो। मधेश आन्दोलनका वखत वरिष्ठ नेतृत्वले शहिदलाई ५० लाख दिन्छौं भनेर घोषणा गरेको थियो, तर अहिले मुख्यमन्त्री तथा मन्त्रीहरूले पैसा छैन भनेर जवाफ फर्काई रहेका छन्।

मधेश मामिला जानकार राजनीतिक विश्लेषक रोशन जनकपुरीका अनुसार मधेशी आग्रहको लफ्फाजी र अस्थिर चरित्रका कारण मधेशी दलका नेताप्रति जनताको पनि मोहभंग हुँदै गएको तथ्य संसदीय व्यवस्थापिकाको पहिलो निर्वाचन र त्यसपछिका परिणाम तथा आन्दोलनमा घट्दो जनसहभागिताले देखिन्छ। प्रदेश २ अन्तरगतको स्थानीय पालिकाहरूमा निर्वाचित जनप्रतिनिधिहरूको राजनीतिक पृष्ठभूमिले पनि उपरोक्त यर्थातलाई चित्रण गर्दछ। मधेशकेन्द्रित दलहरूको कार्यशैली र नेतृत्व उपरको अविश्वास कै कारणले होला सायद २०७४ को स्थानीय निर्वाचनमा मधेशवादीले जितेको महोत्तरीको पिपरा गाउँपालिकाको मेयर पद २०७६ को निर्वाचनमा नेकपाले वाजी मारेको छ। यतिसम्म अविश्वास र मधेशकेन्द्रित दलहरूको गिर्दो ग्राफ र अहमको टक्करलाई हेर्दा एकजना पाकिस्तानी सायर जोन एलियाका यी पंक्ति सटिक देखिन्छ - *'कितना अजिब हुँ मैं /बडा अजिब हुँ मैं/खुदको तबाह कर/हार मलाल भी नहीँ।'*

**२. अपवित्र गठवन्धन र सत्तालोलुप्ता**

केन्द्रीय सत्तालाई मधेशविरोधीका रूपमा चित्रित गरिन्छ। मधेसकेन्द्रित मध्येकै कुनै दल केन्द्रीय सरकारमा सामेल पनि हुन्छ र अर्काले सरकारमा जाने दललाई धारेहात लगाउँछ। मधेशकेन्द्रित दलहरू अहिले समाजवादी पार्टी, नेपाल (सपा) र राष्ट्रिय जनता पार्टी, नेपाल (राजपा) का रूपमा संगठित छन्। सपा सरकारमा होउन्जेल राजपाले धारेहात लगाउछ। अहिले राजपा नेकपाको सरकार नजिक छ र सपा उसको धज्जी उडाउँदै छ। रोचक के छ भने प्रायः वाम निकट देखिने उपेन्द्र यादव र डा. बाबुराम भट्टराईको सपा काँग्रेसनजिक छ, भने काँग्रेसनजिकका मानिने महन्थ ठाकुर, राजेन्द्र महतो र शरद सिंह भण्डारीको राजपा नेकपानजिक गएको छ। विगत १३ वर्षको मधेशी आन्दोलनको समीक्षा गर्ने हो भने निष्कर्ष मूल संसदीय राजनीतिको प्रवृत्तिभन्दा भिन्न छैन। जनतालाई एजेन्डामा भुलाउँदै यसैलाई भऱ्याङ बनाएर सत्ताभोग गरिराख्नु मधेश राजनीतिको निष्कर्ष बनेको छ। पालो-पालो गरी केन्द्रीय सत्तासँगको हिमचिम त छँदै छ, सपा र राजपाले प्रदेश नम्बर २ मा सरकार पनि चलाएका छन्। चरित्रगत रूपमा यो सरकार पनि संसदीय सत्तामुखी प्रवृत्तिभन्दा भिन्न छैन। कुनै वेला वर्ग संघर्षसँग जोडिएर एकीकृत रूपमा संघर्षको बाटोमा दृढतापूर्वक अग्रसर वर्षौंदेखि शासकीय भेदभावमा परेका मधेशी राजनीतिक-सांस्कृतिक समुदायको आन्दोलनको एजेन्डा विभाजित भएर संसदीय राजनीतिमा सत्तामा पुग्ने भर्याङ र सरकार बनाउने र बिगार्ने हतियारमा मात्र परिणत भएको छ। यो, चाहे मधेशलाई अलग्गै देश बनाउने पृथकतावादी तर्क होस अथवा देशभित्रै स्वायत्त शासित राज्यको संघर्ष होस् अथवा नियमित संसदीय राजनीतिभित्र समान हैसियतमा सहभागिताको तर्क होस्, हरेक स्तरमा कि त आत्मसमर्पण कि त कहिल्यै नजितिने लक्ष्यविहीन संघर्षमा परिणत भएको छ।

**३. पार्टीको नाममा एकल वर्चस्वको राजनीति**

कहिले विविध मोर्चामा र कहिले एकल पार्टीका रूपमा देखिने यी दल पार्टी भित्र कसैले चुनौती दिन नसक्ने प्रभावशाली नेताको एकल वर्चस्वमा सञ्चालित छन्। अनेक घुम्ती काटेका समाजवादी पार्टी ( सपा) को कार्यकारी नेता उपेन्द्र यादव होऊन अथवा ६ वटा घटक मिलेर बनेको राष्ट्रिय जनता पार्टी, नेपाल (राजपा) का महन्थ ठाकुर र राजेन्द्र महतोलगायत ६ भाइ, सबैमा यो चरित्र विद्यमान छ। यसैकारण मधेश आन्दोलनको पृष्ठभूमिबाट विकसित यी पार्टी अहिले मुख्यतः दुई कित्तामा ध्रुवीकृत देखिन्छन् - उपेन्द्र यादवको नेतृत्वमा समाजवादी पार्टी र महन्थ ठाकुर र राजेन्द्र महतोलगायत ६ भाइको संयुक्त नेतृत्वमा रहेको राजपा। समाजवादी पार्टीमा हाल डा. बाबुराम भट्टराई सर्वोच्च नेता भनिए पनि त्यहाँ कार्यकारी अधिकार तथा सांगठनिक प्रभावका दृष्टिले उपेन्द्र यादव नै निर्णायक रहेको तथ्य पार्टीमा हुने गरेका निर्णयमा उनको प्रभावबाटै बुझ्न सकिन्छ।

त्यस्तै ६ वटा दल मिलेर बनेको राजपामा ६ वटै घटकका नेता आलोपालो अध्यक्ष पदमा आसीन हुने गरे पनि सांगठनिक आयतनका हिसाबले महन्थ ठाकुर र राजेन्द्र महतो निर्णायक देखिन्छन्। अन्य राजनीतिक दलले पनि यिनीहरूलाई नै पत्याएको देखिन्छ। यद्यपि, राजपाभित्र ती ६ घटकको घटकीय प्रभाव कायमै देखिन्छ। मधेशी जनताको जनदवाव नै हो सायद महन्थ ठाकुरको तमलोपा, राजेन्द्र महतोको सद्भावना पार्टी, शरदसिंह भण्डारीको राष्ट्रिय मधेश समाजवादी पार्टी, महेन्द्र राय यादवको तराई मधेस सद्भावना पार्टी, राजकिशोर यादवको मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) र अनिल झाको नेपाल सद्भावना पार्टी मिलेर राष्ट्रिय जनता पार्टीको छातामुनि एकत्रित भए। राजपा एउटा एकीकृत पार्टीका रूपमा संगठित हुन अझै बाँकी नै देखिन्छ। यसप्रति उपेन्द्र यादवले राजपालाई ६ वटा सेयर होल्डरको कम्पनी भनेर गरेको कटु टिप्पणी सान्दर्भिक छ।

**४. गलाकाट प्रतिस्पर्धा**

मधेश आन्दोलनदेखि नै उपेन्द्र यादव भर्सेज बाँकी मधेशकेन्द्रित नेताबीच सुरू भएको वर्चस्वको प्रतिस्पर्धा अहिले पनि उस्तै कटु देखिन्छ। आपसमा प्रतिद्वन्द्वता र केन्द्रीय राजनीतिका अगुवा पार्टीसँग आफूअनुकूल सम्बन्ध विकसित गर्नु र सत्तामा जसरी भए पनि बसिराख्नु दक्षिण एसियामा क्षेत्रीयस्तरका पार्टीहरूको समान विशिष्टताजस्तै देखिन्छ। हामीकहाँ विशेषगरी मधेशकेन्द्रित दलहरू यसका सटिक प्रतिनिधि हुन। कुनै बेला मधेशी एजेन्डासँग एकाकार र मधेश आन्दोलनको पर्यायका रूपमा आफूलाई चिनाउन प्रयास र प्रचार गरिरहेका मधेशकेन्द्रित दल यस्तै सत्तालोलुप अवसरवादिताको सिकार भएर अहिले एक-आपसमा गलाकाट प्रतिस्पर्धामा देखिन्छन्। कुनै बेला पहिचान र संघीयताको एजेन्डाका आधारमा उदाएका यी पार्टी समयको आरोह-अवरोहसँगै नेताको व्यक्तिगत स्वामित्वमा परिणत हुँदै गइरहेका छन्। यिनीहरू बीचको प्रतिस्पर्धा, दुस्मनी र दोस्ती, सबै सत्तामा स्थान बनाउन पार्टी माथिको एकल वर्चस्व कायम राख्नकै निम्ति हो। २०७६ को मध्यावधी चुनावी प्रतिष्पर्धा नै यसको सवल उदाहरण रहेको छ। २०६४ सालमा पहिलो मधेश आन्दोलनदेखि नै उपेन्द्र यादव भर्सेज बाँकी मधेशकेन्द्रित नेताबीच सुरू भएको वर्चस्वको प्रतिस्पर्धा अहिले पनि उस्तै कटु र गलाकाट देखिन्छ। यद्यपि 'एकता'को रटान उपेन्द्र, महन्थ र राजेन्द्र लगायत सबै मधेशी नेताले लगाइरहेकै हुन्छन्। मुख्य सत्ताधारी पार्टीले गरेको उपयोग र सत्तालोलुपताको आधारमा हेर्ने हो भने दुवैको अवसरवादितामा खासै भिन्नता देखिँदैन, तर यो वैचारिक जमातीकरण उपेन्द्र भर्सेस अन्य मधेशी नेताको कटु प्रतिस्पर्धामा अभिव्यक्त हुँदै आएको छ। र, सुरूदेखि नै देखिँदै आएको यो कटुता र प्रतिस्पर्धा संसदीय राजनीतिका दुई हेभिवेट कांग्रेस र एमालेलगायतको कम्युनिस्ट पार्टीबीचको जस्तै देखिन्छ। कुनै वेला मधेशी एजेन्डासँग एकाकार र मधेश आन्दोलनको पर्यायका रूपमा आफूलाई चिनाउन प्रयास र प्रचार गरिरहेका मधेशकेन्द्रित दल सत्तालोलुप अवसरवादिताको सिकार भएर अहिले एक-आपसमा गलाकाट प्रतिस्पर्धामा देखिन्छन्।

**५. गन्तव्य एक यात्रा अनेक**

कतिसम्म छ भने एउटा दल ( स.पा.-रा.ज.पा.) सरकारमा भए अर्को दल सत्ताबाहिर प्रतिपक्षनजिक हुने गर्छ। अन्तर्वस्तुको दृष्टिले एकैखालका भए पनि एउटाले संविधानको पुनर्लेखन (यादव) र अर्कोले संविधान संशोधनको रूपमा भिन्नता देखाएर आफ्ना राजनीतिक लक्ष्य प्रस्तुत गर्छन्। यद्यपि दुवै पार्टीका कार्यकर्ता मधेशी दलबीच एकता हुनुपर्ने धारणा राख्छन्। यसैको दबाब हो कि मधेशी नेताहरूले पनि एकताका विविध प्रयास गरिरहेको सतही क्रियाकलाप भने देखाइ रहन्छन्। अहिले एकताका निम्ति समाजवादी पार्टी सरकारबाट निस्कनुपर्ने अडान राख्ने गरेको राजपा जुनसुकै कारणले समाजवादी पार्टी सत्ता बाहिर भई सकेको अवस्थामा आफै सत्तामा जान ललायित रहेको समाचारहरू दैनिक जसो सुनिने गरेको छ। तर पार्टीको नामवाट मधेश/मधेशीको नाम झिकेर फाल्न भने यी दुवै दलले सहमति नै गरेको देखिन्छ। संविधान संशोधनलाई मुद्दा बनाएर संसद् र सरकारमा समेत सत्तासुख भोगिरहेका, तर आन्दोलनकारी चरित्र कायम राख्न संघीय सरकारको विरोध जारी राख्ने मधेशकेन्द्रित दलहरू (समाजवादी पार्टी, नेपाल र राष्ट्रिय जनता पार्टी, नेपाल) पनि संविधान दिवसको दिन कोही ठुस्स परेको र कोही कालो दिवस मनाइरहेका देखिए। संघीय सरकारमा उपप्रधानमन्त्रीसमेतको सुख भोगेका उपेन्द्र यादवको समाजवादी पार्टी न समर्थन, न विरोध अर्थात् तटस्थको मुद्रामा देखिनुले जनमानसमा मधेशवाद उपरको चिन्तनलाई झन गहिऱ्याएको छ।

**६. ओठे विरोधको प्रवृतिः**

कुनै वेला मधेशको नाममा तथा केन्द्रीय सत्ताको विरोधमा आन्दोलन गर्न तथा टायर बाल्न तयार रहने मधेशकेन्द्रित दल मधेश आन्दोलनका एजेन्डालाई यथास्थानमा छाडेर अब ओठे विरोधमा मात्र रमाइरहेका छन्। मधेशी, आदिवासी जनजातिको कोणबाट हेर्दा उनीहरूले पहिचानसहितको स्वायत्त राज्यको अपेक्षा गरेका थिए, जो अहिलेसम्म भ्रम मात्र सिद्ध भएको देखिन्छ। संविधानमा राज्यसत्तामा समानुपातिक समावेशिताको उल्लेख गरिएको हकमा भर्खरै स्थानीय निकायको लागी गरिएको लोकसेवा आयोगको विज्ञापनमा जसरी विविध प्राविधिक र गणितीय समीकरणका आधारमा समानुपातिकताको धज्जी उडाइयो, त्यसले सत्ताभित्रको छलछाम उदांगिएको छ। त्यस्तै जन निर्वाचित सांसद रेशम चौधरी जेलमा रही रहँदा समेत आन्दोलनको नाममा आफ्नो ओठे विरोधको दुहाई मार्फत सत्ता भोगमा व्यवस्त रहेका छन्।

**७. मीर जाफर प्रवृति**

अतिवादी टक्कर, भारतले नेपालमा थोपरेको अघोषित नाकाबन्दी, त्यो नाकाबन्दीको चर्को विरोधको जगमा एकाएक निर्माण भएको ओलीको कथित राष्ट्रवादी छवी र त्यही छवी भजाएर नेकपाको दुई तिहाइ सरकार गठनसम्मका परिघटनाहरू फर्केर हेर्दा कतै कुनै निश्चित डिजाइन बमोजिम नै विपरीत ध्रुपमा रहेर अतिवादी भूमिका निर्वाह गरिएको त होइन ? भन्ने आशंकाले अहिले आएर बल पाएको छ। अन्ततः मधेसका माग पूरा नभए काठमाडौंमा पाइलै नटेक्ने र पार्टी कार्यालयसमेत मधेसमै कायम गर्ने उद्घोष गर्ने नेताज्यूले कुनै वेला मधेसमै छिर्न समस्या भएकाविपक्षी सँग आज हात मिलाएका छन्। नेकपाले कुनै वेला मधेसमा अभियान लिएर जाँदा भएको मुठभेडमा पाँच जना मधेसी कार्यकर्ताको मृत्युसमेत भएको थियो। टिकापुरकाण्डका आरोपी रेशम चौधरी जेल चलान भएपछि 'प्रचण्ड र ओलीलाई पनि जेल हाल्नुपर्छ' भन्ने नेताज्यू अब मधेशका मुद्दा छाडेर 'मधेशविरोधी नेकपा'सँगै सत्ताको मोलमोलाइ तिर लागनुले मधेशवादीको मिर जाफर प्रवृतिको पुष्टी हुदैन र ?

त्रासदी के छ भने मधेश आन्दोलनको बलमा सत्तासुख भोगिरहेका मधेश केन्द्रित दलहरूले एकातिर आफूचाहिँ (उनीहरूले भन्ने गरेको) पहाडिया शासकसँग हात मिलाउँदै छन्, र अर्का तिर जनस्तरमा साम्प्रदायिक तिक्तता थप्न भने छाडेका छैनन्। यसले गर्दा एकातिर तराई मधेसको भाषिक, सांस्कृतिक र क्षेत्रीय अधिकार, स्वायत्तता तथा आत्म निर्णयका एजेन्डा अलपत्र छन् भने अर्कातिर देशमा साम्प्रदायिक कटुता स्थायी रूपमा गहिरिँदै गएको छ। यसलाई भोट बैंकका रूपमा केन्द्रीय सत्ताधारी राजनीतिक दलले पनि उपयोग गरिरहेको छ। र, यसले संघीयता भित्रको साम्प्रदायिक एकतालाई खण्डित गर्दै गएको देखिन्छ। हिन्दीका एकजना प्रसिद्ध व्यंग्यकार शरद जोशीको एउटा नाटक छ- एक था गधा। यसमा शासनको प्रतीकको रूपमा उभ्याइएको पात्र नबाबले जनतालाई सम्बोधन गर्छ- तिमीहरू घोडा हौ, हमेसा मेरो छवि बोक्नका निम्ति अभिशप्त। हो तिनै नबाब रूपी मधेश केन्द्रित दलका नेताज्यूहरूले जनतालाई घोडा नै बुझेका छन्। ति दलहरूको उपरोक्त रवैयाले मुखमा राम राम वगलमा छुरा भन्ने उखानलाई चरितार्थ गरि आएको छ। पाकिस्तानकी एकजना कवयित्री फहमिदा रियादको पीडाजन्य व्यंग्य सटिक छ- तिमी त ठ्याक्कै मजस्तै भयौ। त्यही मूर्खता, त्यही पामरपना, कता लुकेको थियो भाइ ? जसमा बितायौँ, हामीले कैयौँ शताब्दी। आखिर तिम्रो दैलोमा पनि पुगेछ। अहो ! बधाई छ बधाई !

**निष्कर्ष**

यस्तो स्थितिमा मधेशमा पनि वर्गसंघर्षको विचारमा आधारित राजनीतिक संगठनको आवश्यकता छ। एउटा यस्तो जनवादी राजनीतिक संगठन, जो व्यापक अर्थमा देशहितसँग जोडिएको होस् र विशिष्ट अर्थमा तराई मधेसको समस्या र अन्तर्विरोधलाई प्राथमिकतामा राखेर सत्ताभन्दा पनि संघर्षका विविध रूपलाई प्राथमिकता देओस्। जतिवेला समग्र राजनीति जनहितविपरीत गइरहेका छन् र आफूलाई तराई-मधेसका प्रतिनिधि दाबी गर्ने राजनीतिक दलहरूसमेत त्यसै भेडचालमा सामेल छन्, तत्काल यसभन्दा उत्तम विकल्प देखिँदैन। मधेसमा पहिचान र अधिकारको पक्षमा संगठित र एकत्रित हुन लागेका शक्तिलाई सत्ताको ललिपप देखाएर मिल्न नदिने, मधेसवादी शक्तिहरूबीच आपसमै कटुता र विभाजनको बिउ रोप्ने र प्रमुख प्रतिपक्षसँगसमेत सौहार्द सम्बन्ध कायम गर्न नसक्ने निन्दनिय सकुनी चालवाट जनता सतर्क हुन जरूरी छ। (लेखक नेपाल मधेशी निजामती कर्मचारी मञ्चका महासचिव हुन्।)

(मधेश दर्पण फिचर सेवा)

# महाशिवरात्रीमा विभिन्न कार्यक्रम





**राजविराज**/महाशिवरात्रीको अवसरमा शुक्रबार सप्तरीमा विभिन्न कार्यक्रमको आयोजना गरिएको छ ।

सोही अवसरमा राजविराज ७ हटियास्थित भुतनाथ महादेव मन्दिरमा ३ सय किलो वजनको पितलको घण्टा स्थापना गरिएको छ ।

भुतनाथ महादेव मन्दिर व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण साहले दिएको जानकारी अनुसार मन्दिरमा भक्तजनले चढाएको भेटी तथा हटिया र नगरबासीहरु सित सहयोग संकलन गरी २ लाख २५ हजारको लागतमा घण्टा खरिद गरी स्थापना गरिएको हो ।

हरेक वर्ष फागुन कृष्ण चतुर्दशीका दिन महा शिवरात्री पर्व मनाउने गरिन्छ । यस पर्वको अवसरमा सप्तरीको हरिनन्देश्वर महादेव मन्दिर, शम्भुनाथ मन्दिर, डाक्नेश्वरी मन्दिर, लालेश्वरनाथ मन्दिर, भुतनाथ महादेव मन्दिर, भजनेश्वर महादेव मन्दिर, अंकुरी महादेव मन्दिर लगायतका शिवालयमा दर्शन र पुजाआजा गर्ने भक्तजनको दिनभर नै घुईचो लागेको थियो ।

शिवालयहरुमा दर्शनार्थीको अत्याधिक चाप बढेपछि शान्ति सुरक्षाका लागि सुरक्षाकर्मी परिचालन गरिएको थियो भने दर्शनार्थीको चापका कारण सम्बद्ध मन्दिर व्यवस्थापन समितिले पनि स्वयसेवक परिचालन गरी भक्तजनलाई लाामबद्ध लगाएर पुजापाठको व्यवस्था मिलाएका थिए ।

शिवरात्रीको अवसरमा हरनन्देश्वर महादेव मन्दिर प्राङ्गणमा जिल्ला प्रहरी कार्यालय, राजविराज जेसिज, सुर्या लाईफ ईन्स्योरेन्स, एनसि ईन्जिरिङ्ग कन्सलटेन्सी, ग्रिन नेपाल, मिलन डेरी, ओपन नौलेज फर्मल लगायतका कार्यालय र संघ संस्थाले निशुल्क खानेपानी, दुध, वेलपत्र लगायतका प्रसाद सामग्री वितरण गरेका थिए ।

यस्तै ब्रह्मकुमारी राजयोग सेवा केंद्र राजबिराजले शिवरात्रि पर्वको अवसरमा प्रवचन तथा झाँकी निकालेको छ । ब्रह्मकुमारी राजयोग सेवा केंद्र राजबिराज क्षेत्रकी मुख्य संचालिका ब्रह्माकुमारी भगवती दीदीको अध्यक्षता तथा राष्ट्रिय सभाका सदस्य मृगेंद्र कुमार सिंह यादवको प्रमुख आतिथ्यमा प्रवचन कार्यक्रम सम्पन्न भएको थियो ।

सो कार्यक्रममा बोल्दै राष्ट्रिय सभा सदस्य यादवले परमपिता परमात्म शिव बाबाको स्मरण सधै गर्नुपर्ने बताउँदै सबैले सकारात्मक बन्नुपर्ने प्रति जोड दिए ।

त्यस्तै प्रदेश सभा सदस्य मनीष कुमार सुमनले सबैको भलो गर्ने भोलेनाथ परमात्म शिवलाई अफ्नो हरेक कर्म गर्दा याद गर्नु पार्ने र अफ्नो अभिमान त्यागी भगवानको सरनमा एक दिन सबैलाई आऊनुपर्ने कुरा बचाए ।

ब्रह्माकुमारीद्वारा संचालित कार्यक्रममा समाजसेवी हरी सिंह, मधुसुदनलाल देव, ब्रह्माकुमारी रंजु, ब्रह्माकुमार दीपक, सागर नारायण राजबहाकले शुभकामना मन्तव्य दिएका थिए । प्रवचन कार्यक्रम पश्चात् शिवशंकरको चेतनीय झाँकी तथा बाजागाजासहित नगरका मुख्य मुख्यस्थानहरुको परिक्रमा गरिएको थियो ।

# एथलेटिक्सका स्वर्ण पदक बिजेतासहित उत्कृष्ट विद्यार्थी सम्मानित

**राजविराज**/सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकाले युथ एथेलेटिक्सका स्वर्ण पदक बिजेता अजित कुमार यादवसहित विद्यालयका उत्कृष्ट विद्यार्थीहरुलाई सम्मान गरेको छ ।

गाउँपालिका कार्यालयको प्राङ्गणमा आयोजित कार्यक्रममा हङकङमा सम्पन्न तेस्रो एसियाली युथ एथलेटिक्स प्रतियोगितामा स्वर्ण बिजेता अजित यादवलाई ५१ हजार नगदसहित सम्मान गरेको हो ।

यस्तै २०७५ सालको एस.ई.ई. परिक्षामा गाउँपालिका स्तरमा सर्वाधिक अंक ल्याई उत्रिर्ण हुने छात्र छात्राहरुमा गाउँपालिकाका राम कुमार ईसर, मुनी कुमारी झा, अरुणा राय, सुरुची सिंह, भास्कर झा, कुशुम कुमारी मिश्रा, मानती कुमारी यादव, रामबाबु मण्डल, अनुराधा कुमारी पैकडा र प्रकाश मण्डलसहित १० जना छात्र छात्राहरुलाई ल्यापटप र साईकल उपहार प्रदान गरेर सम्मान गरिएको छ ।

त्यस्तै गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयमा लामो समयदेखि शिक्षण पेशामा रही शिक्षा क्षेत्रका योगदान पुर्‍याई हालै सेवा निवृत भएका तीन जना प्रधानाध्यपाकहरुलाई पनि कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समितिका सभापति प्रभाकर यादव, तिलाठी कोईलाडी गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिंह, निमिति प्रमुख प्रशासकिय अधिकृत राजु झा लगायतले नगद, उपहार तथा कदर पत्रबाट सम्मान गरे ।

तिलाठी कोईलाडी गाउँपालिकाका सूचना अधिकारी राजेश झाद्वारा संचालित कार्यक्रममा कार्यक्रमको उद्देश्यबारे निमित प्रमुख प्रशासकिय अधिकृत झाले प्रकाश पारेका थिए भने समाजसेवी देव नारायण यादव, प्रधानाध्यापक प्रदिप कुमार मण्डल, रमेश कुमार झा लगायतले धारणा राखेका थिए ।

यस्तै फागुन अन्तिम सातामा नगद पुरस्कार सहितको साईकल रेस र हाफ म्याराथुन प्रतियोगिताको आयोजना समेत गरिने कार्यक्रम तय भएको अध्यक्ष सिंहले जानकारी दिए ।

# लागुऔषधसहित चार यूवा पक्राउ

**राजविराज**/सप्तरी सुरुङ्गा नगरपालिका १ नैनडाँवर डाँडा र बोदेबर्साइन नगरपालिका ९ समरणपट्टीबाट चारजनलाई पहरीले लागु औषधसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा उदयपुर त्रियुगा ६ बस्ने २२ वर्षिय आकाश परियार, सोही ठाउँ बस्ने २० वर्षिय आमोद कुमार महतो, शम्भुनाथ नगरपालिका ३ बस्ने २२ वर्षिय ललित चौधरी र २० वर्षिय देव नारायण राम रहेका छन् ।

प्रहरीले चेकजाँच गर्ने क्रममा उनीहरुका साथबाट डाइजेपाम् ईन्जेक्सन १८ थान, नाईट्रोजन ट्याबलेट ३० थान, प्रोमेथाजाईन हाईड्रोक्लोराईड ईन्जेक्सन १९ थान, नुरफिन ईन्जेक्सन १० थान, सिरिन्चे ९ थान, गाँजा २० ग्राम, नाईट्राभेट ट्याबलेट ४ पिस, फेनारगन सुई ७ पिस, नोफिन सुई ७ पिस र डाईजेलेब सुई ७ पिस बरामद गरेको हो ।

यता पक्राउ पर्नेहरुलाई इलाका प्रहरी कार्यालय कडोरबोनाले नियन्त्रणमा लिएको छ ।


## भावपूर्ण श्रद्धाञ्जली



जन्म : २००१ स्व. २०७६ माघ २९

नेपाल कथबनिया सेवा समाज केन्द्रिय कार्य समिति सदस्य तथा मिडिया सहसंयोजक जिवछ दासका पुज्जनीय पिता **गंगाई दास**को २०७६ माघ २९ गते भएको निधनले हामी स्तब्ध छौं । दुःखदको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**नेपाल कथबनिया सेवा समाज**
**जिल्ला कार्य समिति सप्तरी**

## भावपूर्ण श्रद्धाञ्जली



नेपाल कथबनिया सेवा समाज केन्द्रिय उपाध्यक्ष राजकुमार चौधरीकी ममतामय माता **कौशिला देवी**को २०७६ माघ २८ गते भएको निधनले हामी स्तब्ध छौं । दुःखदको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**नेपाल कथबनिया सेवा समाज**
**जिल्ला कार्य समिति सप्तरी**

# विभिन्न माँग राख्दै निजि विद्यालयद्वारा ज्ञापन



**राजविराज**/विभिन्न माँगहरु राख्दै बुधबार निजि विद्यालयहरुको छाता संगठनहरुले शिक्षा बिकास तथा समन्वय इकाई सप्तरीमा ज्ञापन पत्र बुझाएका छन् ।

प्याबशनका अध्यक्ष देवानन्द चौधरी, एनप्याबशनका अध्यक्ष नरेशप्रताप साह र नेपाल प्याबशनका अध्यक्ष दिनेश कुमार यादवले संयुक्त रुपमा शिक्षा बिकास तथा समन्वय इकाई सप्तरीका प्रमुख फनेन्द्र काफ्लेलाई सो ज्ञापन पत्र बुझाएका हुन् ।

सोही ज्ञापनपत्र प्रदेश २ का सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालय सप्तरीलाई समेत बोदार्थ गरिएको छ ।

बुझाइएको ज्ञापनपत्रमा एसईई परिक्षाका लागि केन्द्राध्यक्ष चयन गर्दा निजि विद्यालयहरुलाई पनि प्रतिशतको आधारमा केन्द्राध्यक्ष घोषणा गर्नुपर्ने माँग गरिएको छ ।

त्यस्तै ज्ञापन पत्रमा एसईई तथा कक्षा ११ र १२ को परीक्षाको केन्द्र निर्धारण गर्दा छात्र छात्राहरुको कठिनाईलाई ध्यान पुऱ्याई केन्द्र निर्धारण गर्न, निजि विद्यालयका शिक्षकहरुलाई पनि जिल्लाका सम्पूर्ण केन्द्रको निरिक्षकमा सहभागि गराउनुपर्ने, निजि विद्यालयका शिक्षकहरलाई पनि एसईईको उत्तर पुस्तिका परीक्षणमा सहभागि गराउनुपर्ने, परिक्षा मर्यादित गर्ने उद्देश्यले अनुगमनमा निजि विद्यालयका छाता संगठनहरुलाई पनि सहभागि गराउनु पर्ने, इएमआईएस कोड अनिवार्य रुपमा लागु गर्नुपर्ने तथा अवैध रुपमा सर्टिफिकेट बाडेका विद्यालयहरुको सम्बन्धमा पटक पटक संस्थागत विद्यालयका संगठनहरुले शिक्षा विकास समन्वय ईकाईमा कार्यवाहीका लागि पत्र बुझाउँदा समेत हालसम्म कुनै ठोस पहल नभएकोले स्पष्ट धारणा आउनुपर्ने माँग गरिएको छ ।

त्यस्तै देशको शैक्षिक स्तर उकास्नका लागि अग्रणी भूमिका निर्वाह गर्दै आएका निजि विद्यालयहरुले गुणात्मक शिक्षा प्रदान गर्नुका साथै लाखौं नेपालीलाई रोजगारीको दिई देशको विकासमा पुऱ्याउँद आएको योगदानप्रति राज्यले उपेक्षित व्यवहार गरिरहेको जनाइएको छ ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५

# अन्तर्राष्ट्रिय समाचार

## चीनको छिङहाई प्रान्तका कोरोना सङ्क्रमित सबै बिरामी घर फिर्ता

**सिनिङ**/चीनको एउटा प्रान्तका सबै कोरोना सङ्क्रमित बिरामीलाई अस्पतालबाट घर फिर्ता गरिएको छ ।

देशको उत्तरपश्चिमतर्फ पर्ने छिङहाई प्रान्तका कोरोना सङ्क्रमित सबै बिरामी शुक्रबारसम्ममा अस्पतालबाट घर फिर्ता भएका हुन् । शुक्रबार बिहान अन्तिम दुई जनालाई स्वास्थ्यमा सुधार आएकाले अस्पतालबाट 'डिस्चार्ज' गरिएको अस्पतालका अधिकारीहरुले जानकारी दिएका छन् ।

अहिले यस प्रान्तका कुनै पनि अस्पतालमा कोरोना सङ्क्रमितहरू नरहेको पनि उनीहरूले दाबी गरेको समाचारमा जनाइएको छ । उनीहरूले सङ्क्रमण भएका ४३७ जना निरन्तर सम्पर्कमा रहेको ३३ जनालाई चिकित्सकीय निगरानीमा राखिएको पनि जानकारी दिएका छन् । एजेन्सी

## वुहानमा करिब चार हजार शैयाको नयाँ अस्पताल बन्दै

**वुहान**/चीनको कोरोनाभाइरस प्रकोपको केन्द्रबिन्दु वुहानमा रहेको एउटा कारखानालाई करिब चार हजार शैयाको अस्पतालको स्वरूप दिई सङ्क्रमितहरूलाई सेवा दिन लागिएको चीनले शुक्रबार जानकारी गराएको छ । कूल तीन हजार ६९० सीट क्षमताको उक्त अस्पतालको निर्माण पूरा भै बिहीबार परीक्षण भैसकेको निर्माणमा सम्लग्न एक कम्पनीले बताएको छ । अस्पताल ५४ हजार वर्ग किलोमिटरमा फैलिएको छ ।

कम्पनीका प्रमुख लि यिछ्नानले कारखानालाई अस्पतालको स्वरूप दिंदा अस्पताललाई वातानुकूलित, बनाइएको छ । अस्पतालमा नुहाउने कोठाहरू र मोबाइल शौचालय, पुस्तकालय, मनोरञ्जन क्षेत्र र बिरामीहरूका लागि खाजाघर राखिएका छन् ।

कोरोनाभाइरसको प्रकोपबीचमा शैयाको अभावपछि वुहानले जिम, सम्मेलन केन्द्र वा प्रदर्शनी केन्द्रहरूलाई १२ वटा अस्थायी अस्पतालमा रूपान्तरण गरिसकेका छ । ती अस्पतालहरूको कूल २० हजार शैयाबाट प्रायः कोरोना भाइरसको सङ्क्रमणको आशङ्कामा त्यहाँ पुगेका बिरामीहरूलाई सेवा दिइदै आएको छ । एजेन्सी

## अमेरिकाले तालिवान समूहसँग फेब्रुअरी २९ मा सम्झौता गर्ने तयारी

**रियाद**/संयुक्त राज्य अमेरिकाले अफगानिस्तानमा हिंसा घटाउने सहमतिका आधारमा फेब्रुअरी २९ मा तालिबानी समूहसँग सम्झौता गर्ने तयारी गरिरहेको विदेश मन्त्री माइक पोम्पेओले शुक्रबार बताउनुभएको छ ।

"हिंसा घटाउने सहमतिलाई सफल कार्यान्वयन गरिएसँगै अमेरिका-तालिवानी सम्झौतामा हस्ताक्षर गर्ने काम अघि बढ्ने अपेक्षा गरिएको छ," उहाँले साउदी अरबको भ्रमणपछि जारी विज्ञप्तिमा भन्नुभयो ।

अफगानिस्तानको राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जावेद फैसलले भन्नुभयो, "तालिवान, अमेरिका र अफगानी सरकारी सुरक्षा बलले शनिबार देखि आगामी हप्ताभर नै 'हिंसात्मक गतिविधिलाई' रोक्ने सहमति भएको र आगामी हप्ता देखिने गतिविधिले नै सम्झौता गर्ने वा नगर्ने भन्ने निचोड निस्किनेछ । आशा गरौं तीन वटै शक्तिले हिंसा कम गर्ने सहमति जनाएकाले अब यसमा स्वतः कमी आउनेछ ।"

आंशिक मानिएको वार्ताले अफगानिस्तानमा १८ वर्षभन्दा बढी रहेको द्वन्द्व अन्त्यका लागि ऐतिहासिक कदम चाल्नेछ र सम्झौताको मार्ग प्रशस्त हुनेछ जसले अन्ततः युद्धको अन्त्य देख्न सक्छ । बृहत् र स्थायी युद्धविराम र अफगानिस्तानका लागि भविष्यको राजनीतिक मार्गचित्र यो आधारभूत चरणमा निर्माण हुने अमेरिकी विदेशमन्त्री पोम्पेओले बताउनुभयो ।

पोम्पेओले भन्नुभयो, "चुनौती अझै बाँकी छ तर हालसम्म भएको प्रगतिले आशा प्रदान गर्दछ र वास्तविक अवसरको प्रतिनिधित्व गर्दछ । अमेरिकाले सबै अफगानी नागरिकलाई यस क्षणको उपयोग गर्न आग्रह गर्दछ ।"

यसैबीच उत्तर एटलान्टिक सन्धि संगठन (नेटो) प्रमुख जेन्स स्टोल्टेनवर्गले शुक्रबार एक विज्ञप्ति जारी गर्दै अमेरिका-तालिवान सहमतिको स्वागत गर्नुभएको छ । उहाँले सहमतिले अफगानिस्तानको दीर्घकालीन शान्तिको सम्भावित मार्गलाई खुला गरेको छ । "आजको घोषणालाई म स्वागत गर्दछु कि अफगानिस्तानमा हिंसामा उल्लेखनीय कटौतीको बारेमा समझदारी भएको छ," स्टोल्टनवर्गले एक विज्ञप्तिमा भन्नुभयो । उहाँले भन्नुभयो, "यो हिंसा घटाउने तालिवानको इच्छाशक्ति र क्षमताको परीक्षा हो र यसले शान्तिका लागि विश्वासको योगदान गर्नेछ । यसले अफगानीहरूबीच वार्तालाप, दिगो शान्ति र मुलुकलाई फेरि आतङ्ककारीहरूको लागि सुरक्षित ठाउँ नहुने कुरा सुनिश्चित गर्न सक्नेछ ।"

अफगानिस्तानमा नेटोको १६ हजार सैनिक रहेका छन् जसले स्थानीय सेनाहरुलाई प्रशिक्षण, सहयोग र सल्लाह दिने गरेको छ । अमेरिका-तालिवानबारे नयाँ सहमतिलाई रूसले ऐतिहासिक सम्झौता अफगानिस्तानको शान्तिको लागि 'महत्वपूर्ण घटना' हुने बताएको छ ।

मस्कोका अफगानिस्तानका राजदूत जमीर काबुलोभले राज्य सञ्चालित समाचार संस्था आरआईए नोवोस्तीसँग भन्नुभयो, "यदि सम्झौता समारोहमा आफूलाई आमन्त्रण गरिएमा त्यहाँ सहभागी हुने बताउनुभएको छ । यो अफगानिस्तानमा शान्ति प्रक्रियाको लागि महत्वपूर्ण घटना हुने उहाँको धारणा थियो ।

काबुलोभले भन्नुभयो, "यो सम्झौताबीचमा कुनै पनि अवरोध नहुनेमा पूर्ण विश्वास लिएको र अमेरिकासँग सम्झौता भएपछि अफगानिस्तानका सबै पक्षहरूबीच वार्ता सुरु गर्न मस्कोले आग्रह गर्दछ ।" एजेन्सी

# म्याक्सेल बोर्डिङ्गलाई अन्तरविद्यालय क्रिकेटको उपाधी



**राजविराज**/राजविराजमा संचालित अन्तरविद्यालय टि-ट्वान्टी क्रिकेट प्रतियोगिताको उपाधी म्याक्सेल बोर्डिङ स्कुल राजविराजले हात पारेको छ ।

शनिबार सम्पन्न फाइनल खेलमा म्याक्सेलले शिब्स बोर्डिङ स्कुललाई २६ रनले पराजित गर्दै उपाधी हात पारेको हो ।

स्थानीय राजरंगशालामा भएको फाइनल खेलमा टस जितेर ब्याटिङ रोजेर खेल मैदानमा ओर्लेको म्यक्सेलले २० ओरभमा ९ विकेटको क्षतिमा १ सय ३४ रन बनाएको थियो ।

जसमा म्याक्सेलका रामबाबु मेहताले ३४, मो. सकिम २९, संजित साह १७ र सौरभ भुजेलले १२ रन बनाएका थिए । वलिङ्ग तर्फ शिब्सका विशाल यादव ३ विकेट र राज वर्मा, निरज यादव, गोपाल मण्डल, अजय यादवले सम्मान १/१ विकेट हात पारेका थिए ।

प्रतिउत्तरमा शिब्सले निर्धारित २० ओभर खेलेर १०८ रन मै सिमित भयो । टिमका लागि राज वर्मा ४७, विक्टोर राई २०, अविजित २० र मनिष यादव १० रन बनाएका थिए । यता बलिङ्ग तर्फ शिब्सका धिरेन्द्र साह २, मो. सकिम, रोहन विक र सवजित साह १/१ हात पारेका थिए ।

फाइनल खेलको म्यान अफ दि म्याच म्याक्सेलका मो.सकिम, म्यान अफ दि सिरिज र बेस्ट ब्याट्सम्यान रोहन बिक, वेस्ट वलर धिरेन्द्र साह घोषित भए ।

पुरस्कार बितरण समारोहमा राष्ट्रिय सभा सदस्य जितेन्द्र नारायण देबले क्रिकेटको उजागर र बिकासका लागि सक्दो सहयोग गर्ने बिश्वास ब्यक्त गरेका छन् ।

जिल्लाको सम्भाबित खेलाडीहरूको ब्यक्तिगत क्षमताको बिकाससँगै क्रिकेट बिकासका लागि हर सम्भव सहयोग गर्ने उनले प्रतिबद्धता जनाए ।

सोही पुरस्कार बितरण समारोहमा प्रदेश २ का सासंद मनिष सुमनले प्रतिभान खेलाडीको उजार, उत्थान र बिकासका लागि सहयोग गर्ने तयार रहेको बताए ।

सो अवसरमा ईन्जिनियर ईन्द्र नारायण देवले कंचनपुर, पातो, राजबिराज सहितका ठाउँमा प्रशिक्षण तथा प्रतियोगिता मार्फत क्रिकेट बिकास गरिने जानकारी दिए ।

सो अवसरमा पुर्व प्रअ बिजयानन्द झा, सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठ, सचिव चन्दन कुमार यादव, प्रतिष्ठानका सन्तोष यादव लगायतले पुरस्कृत, मेडल, कप, शिल्ड तथा सहभागी खेलाडीहरूलाई पुरस्कार समेत बितरण गरेका थिए ।

***मातृभाषा...***

प्रादेशिक सेवा आयोगहरुमा मैथिलीको प्रयोग बढाउन आन्दोलनको विकल्प नरहेको उल्लेख गरे ।

सप्तरीदेखि महोत्तरीसम्म मैथिली भाषीहरु बहुसंख्यामा रहे पनि महोत्तरीदेखि रौतहट वाराको सिमा सम्ममा "बज्जिका" र पर्सामा "भोजपुरी" भाषीहरु बहुसंख्यामा छन त्यसैले भाषाको नाममा एकमत हुन नसकेको उनले बताए ।

प्रदेशको नाम सन्दर्भमा प्रदेश सभामा मोटामोटी "मधेश" राख्ने सहमति भई सकेको छ र नामको सन्दर्भमा अहिले प्रदेश सभा प्रवेश नरहेको उनको भनाई छ ।

परिषदका अध्यक्ष सतीश कुमार दत्तको अध्यक्षता र प्रदेश सभा सदस्य तथा प्रदेश नं. २ को अर्थ तथा योजना समितिको अध्यक्ष मनिष कुमार सुमनजीको प्रमुख आतिथ्यमा सम्पन्न गोष्ठीमा परिषदका पूर्व अध्यक्ष शुभचन्द्र झाद्वारा स्वागत तथा अन्तरक्रियाको बिषय प्रवेश गराईएको गोष्ठीको सञ्चालन सदस्य प्रतिमा देवद्वारा गरिएको छ । मैथिलीकर्मी र राजनीतिकर्मी बिच गरिएको उक्त अन्तरक्रियामा सहभागीको जिज्ञाशाको जवाफ राजनीतिक दलको प्रतिनिधिले दिएको थियो । देशका चार प्रमुख राजनीतिक दल नेपाल कम्यूनिष्ट पार्टी (नेकपा), नेपाली कांग्रेस, समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीका जिल्ला अध्यक्षहरुबाट मातृभाषाको सम्बन्धमा धारणा राखेका थिए ।

# टिपरको ठक्करबाट दुईको मृत्यु

**राजविराज**/सप्तरीमा गतसाता भएको दुर्घटनमा टिपरको ठक्करबाट एक महिलासहित दुई भारतीय नागरिकको मृत्यु भएको छ ।

सप्तरीको बोदेबसाईन-विषणपुर सडकखण्ड गौरामा मंगलबार भएको उक्त दुर्घटनामा परि दुई जनाको मृत्यु भएको हो । सोही दुर्घटनामा ६ जना घाइते भएका छन् ।

स.१प. ३७९५ नम्बरको टेम्पुलाई विपरीत दिशाबाट तिब्रगतिमा आउँदै गरेको बा.१च. ५५२७ नम्बरको टिपरले ठक्कर दिँदा टेम्पुमा सवार दुई जनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

मृत्यु हुनेहरुमा भारतको मोतीहारी जिल्ला निवासी २६ वर्षिय मो. सद्दाम हसैन र ४५ वर्षिया कुनकुनिया खातुन रहेका छन् ।

हुसैनको घटनास्थलमै तथा खातुनको बिराटनगरस्थित न्यूरो अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

यस्तै घाइते हुनेहरुमा सप्तरीको महदेवा गाउँपालिका १ निवासी ४० वर्षिय मो. सल्लाउद्दिन, उनकी ३५ वर्षिया श्रीमती मुनिया खातुन, १२ वर्षिय छोरा मो. अकबर, १० वर्षिय छोरा मो. दाबेल र ६ वर्षिय छोरा मो. आशिक छन् । त्यस्तै सोही वडा निवासी ९ वर्षिय मो. अनबर पनि घाइते भएका छन् ।

घटनापछि टिपर र चालकलाई नियन्त्रणमा लिई आवश्यक कारवाही प्रक्रिया अघी बढाइएको डिएसपी भारतीले बताए । बोदेबसाईन नगरपालिकाको जाजरमा मुस्लिम समुदायको तीन दिने धार्मिक सम्मेलन इज्तिमा सम्पन्न भएपछि घर फर्किदै गर्दा सो दुर्घटना भएको हो ।

# फागुन १९ गतेदेखि राजविराजमा राष्ट्रिय जुडो प्रतियोगिता

**राजविराज**/७ औं राष्ट्रिय जुडो प्रतियोगिता आगामी फागुन १९ गतेदेखि राजविराजमा संचालन हुने भएको छ ।

स्व. लोकेन्द्र कुमार श्रेष्ठ स्मृतिमा हुन लागेको सो प्रतियोगिता बारे राष्ट्रिय जुडो संघले बिहीबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरी प्रतियोगिताको सम्पूर्ण तयारी पुरा भइसकेको जानकारी दिएको छ ।

संघका राष्ट्रिय उपाध्यक्ष पियुस श्रेष्ठले प्रतियोगिताको सम्पूर्ण तयारी पुरा भएको जनाउदै फागुन १९ र २० गते संघ तथा सप्तरी जिल्ला जुडो संघको संयुक्त आयोजनामा स्थानिय राजरंगशालामा प्रतियोगिता हुने जानकारी दिएका छन् । उनले सहभागि टिमको विवरण तथा खेल तालिका समेत सार्वजनिक गरे ।

प्रतियोगिता आयोजक समितिका संयोजक एवं जिल्ला जुडो संघका सचिव पंकज गुप्ताले प्रतियोगितामा काठमाण्डौं, ललितपुर, भक्तपुर, नुवाकोट, कास्की, धनुषा, मोरङ, सुनसरी, झापा, पर्सा, वारा, सिरहा, उदयपुर, बाके, बर्दिया, इलाम, रसुवा कंचनपुर, कैलालि, गोरखा र आयोजक सप्तरीका साथै तीन विभागिय टिम सशस्त्र, नेपाल प्रहरी र सेनाका गरी २४ टिमको सहभागिता रहने जानकारी दिइएको छ ।

संघका राष्ट्रिय उपाध्यक्ष श्रेष्ठले प्रतियोगिताको ७ औं संस्करणमा करिब ११ लाख रुपैया खर्च हुने अनुमान गरिएको र यसको मुख्य प्रायोजकमा माउण्ट एभरेष्ट ब्रुअरी प्राली काठमाण्डौं तथा सह प्रायोजकमा मारुती ( सुविधा) ग्यास उद्योग प्राली दुहवी रहेको पत्रकार सम्मेलनमा जानकारी दिए ।

प्रतियोगिताको उद्घाटन राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव रमेश शिलवालले गर्ने तय भएको जानकारी दिएका उनले प्रतियोगिता भव्य र सभ्य रुपमा सम्पन्न गर्न सबै सँग सहयोगका लागि आग्रह समेत गरे ।

प्रतियोगितामा विभिन्न एक दर्जन तौल समुहमा प्रतिस्पर्धा हुने कार्यकम रहेको तथा प्रत्येक टिमबाट ७/७ जना महिला र पुरुष खेलाडी, १/१ जना प्रशिक्षक र १/१ जना टिम व्यवस्थापक गरि ३ सय ६१ जनाको सहभागिता रहने पत्रकार सम्मेलनमा जानकारी गराएको छ ।

# प्रदेश २ मा कुरिती बढ्दै गएको छ : प्रदेश २ प्रहरी प्रमुख

**राजविराज**/प्रदेश २ का प्रहरी प्रमुख प्रहरी नायव महानिरिक्षक प्रधुम्न कार्कीले प्रदेश २ मा लागू औषध, घरेलु हिंसा, बालविवाह लगायतका कुरिती बढ्दै गएकोमा चिन्ता व्यक्त गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीको निवनिर्मित हिरासत कक्ष, कार्यालय प्रमुख, निवासकक्ष तथा भान्साघर भवनको उद्घाटनपछि आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले सो चिन्ता व्यक्त गरेका हुन् ।

उनले कुनै पनि कुरिती प्रहरीको एक्लो प्रयासले अन्त नहुने भन्दै यसका लागि नागरिक समेतको सहयोग आवश्यक रहेको बताउँदै यस्ता विकृति अंतका लागि प्रहरी-जनता सहकार्यको आवश्यक रहेकोमा जोड दिए ।

अपराध र अपराधी सँग कुनै पनि साठगाठ र सम्झौता नगर्न मातहतका प्रहरी कर्मचारीलाई उनले कडा निर्देशन समेत दिए ।

प्रहरी उपरिक्षक कृष्ण प्रसाईले जनतासँग सहकार्य गर्दै प्रहरी अघि बढेको र विगतको तुलनामा अपराध नियन्त्रणमा धेरै हदसम्म सफलता मिलेको बताउँदै प्रहरीले बनाएको एक वर्षे सुरक्षा योजना प्रभावकारी बनाउन स्थानिय समाजका अगुवाले गरेको सहयोग महत्वपूर्ण रहेको भन्दै धन्यवाद दिए ।

नेपाल सरकारको नियमित कार्यकम अन्तर्गत २ करोड ५१ लाखको लागतमा निर्माण भएको हिरासत कक्ष, कार्यालय प्रमुखको निवास र भान्सा घरले शान्ति सुरक्षा प्रवाहामा मद्दत पुग्ने उद्घाटन समारोहमा सहभागिताहरुले विश्वास व्यक्त गरेका छन् ।

# फरार प्रतिवादी अलि पक्राउ



**राजविराज**/जिल्ला प्रहरी कार्यालय सप्तरीले फरार प्रतिवादी पक्राउलाई अभियानको रुपमा लिएपछि फरार प्रतिवादीहरु पक्राउ पर्ने जारि छ ।

पछिल्लो पटक जिल्लाको महादेवा गाउँपालिका १ बस्ने ५५ वर्षिय फरार प्रतिवादी हजरत अलिलाई प्रहरीले पक्राउ गरेको हो ।

जिल्ला अदालत सप्तरीबाट कुटपिट मुद्दामा दुई महिना कैद र ज्यानमार्ने उधोग मुद्धामा फरार रहेकोमा उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।






**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*